# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-४ | अंक-१३ | २०७६ कार्तिक २० गते बुधबार | 06 November 2019 Wednesday | मूल्य रू. १०/-



संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔँ। घर घरमा राष्ट्रिय झण्डा फहराऔँ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## संस्कृति संरक्षणमा जनप्रतिनिधि

**मिसन न्यूज**
**कालिकोट**

कर्णालीमा पछिल्लो समय जनप्रतिनिधि संस्कृति संरक्षण अभियानमा सक्रिय भएका छन्। कर्णाली प्रदेशका ७९ वटै स्थानीय तहमा परम्परागत धार्मिक संस्कृति पुरानै शैली प्रदर्शन हुँदै आएका छन् । कर्णालीको भेसभुसा, रितिरेवाज, चालचलनजस्ता संस्कृति लोप हुने भएकाले यसको संरक्षणका लागि स्थानीय तहका जनप्रतिनिधिको ध्यानआकर्षण भएको हो । कर्णालीका सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, पश्चिम (रुकुम), डोल्पा, हुम्ला, कालिकोट, जुम्ला र मुगु जिल्लामा कर्णालीको संस्कृति जोगाउने अभियान थालिएको छ ।

कर्णालीको संस्कृति विश्वकै लोपउन्मुख भएको कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बताए। 'यसको संरक्षण गर्न जरुरी छ, मुख्यमन्त्री शाहीले भने, कर्णालीका हेरक नागरिकले यो धार्मिक आस्थालाई प्राथामिकतामा दिनु पर्छ ।' संस्कृति संरक्षण गर्ने प्रमुख भुमिका स्थानीय तहका जनप्रतिनिधिको भएकाले सवै वर्गलाई समेटिने गरी यसको संरक्षण गर्न आवश्यक रहेको कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री दलबहादुर रावलले बताए । कालिकोटको रास्कोटमा अनन्ते त्रयोदशी पुर्णीमाको अवसरमा रास्कोट नगरपालिकामा रहेका मन्द्रीरमा बारदेवको पुजाआँजा गर्ने प्रचलन छ । त्यस्तै सान्नी त्रिवेणी गाउँपालिकामा रहेका वड्डामाणु,



कालिकोट रास्कोट खापरमाडु मन्दीरको धार्मिक मेलामा धामी नाँच प्रदर्शन गरिदै । तस्विर : मिसन न्यूज

डाडामाडुलगायतका मन्दीरमा जुवारे पुर्णीमाको अवसरमा धार्मिक मेला लाग्ने गर्दछ। रास्कोटको शिवनाथ मन्दीर, खापरमाडु, डाडामाणु, दाडामष्टो, रमालमष्ठा, मस्टामुणु, धलपुरा र दुधेसिल्ला मन्दीरमा धुमधाम मेला लाग्ने परम्परागत प्रचलन छ । धार्मिक संस्कृतिको संरक्षणका लागि सान्नी रास्कोटका जनप्रतिनिधिले चालेका कदम सकरात्मक भएको स्थानीयले खुसी व्यक्त गरेका छन् । धार्मिक मेलाको अवसरमा एक आपसमा मित्रता कायम गर्ने, गाउँभन्दा बाहिर गएका दाजुभाइ तथा इष्टमित्रसँगको भेटघाट गर्ने सुखदुख साँतासाँट गर्ने गर्ने संस्कार रहेको छ । रास्कोट शिवनाथ मन्दीरको मेला पुरानै शैलीमा लाग्दा खुसी लागेको स्थानीय यूवा मेगराज शाहीले बताए। कालिकोटका दुई स्थानीय तहको अगुवाइमा सम्पन्न गरिएका धार्मिक मेला त एक उदाहरण मात्र हो । यस्तै कर्णालीका सवैजसो स्थानीय तहमा धार्मिक मेला लाग्ने गर्दछ ।

### पुरानै शैलीमा संस्कृति

विगतको द्धन्दमा हराएको मौलिक पर्व तथा मेला संचालनमा हुँदा सवैको मनमा शान्ति र स्वतन्त्रता जागेको कालिकोट विजयपुरवासी मंगल शाहीले बताए। तत्कालिन द्धन्द्धको वेला यो क्षेत्रमा परम्परागत धार्मिक मेला बन्द भएका थिए । तर, देशमा शान्ति भएपछि पुनः पुरानै शैलीमा धार्मिक जात्रा लगाउने गरिएको छ ।


**बाँकी ८ पेजमा.....**


## जिल्ला अस्पतालमा डाक्टर अभाव

### ८ जनाको दरबन्दिमा १ जना मात्र

**विश्वनाथ सिम्खाडा**
**कालिकोट**

जिल्ला अस्पतालमा आवश्यक जनशक्ति नहुँदा बिरामीको उपचारमा समस्या भएको छ । अस्पतालमा ८ जनाको दरबन्दि हुँदापनि डाक्टरको पदपूर्ति हुन नसक्दा एक जना मेडिकल सुपरिटेन्डेनले मात्र बिरामीको स्वास्थ्य परीक्षण गर्नुपर्ने बाध्यता छ। २०६१सालमा स्थापित १५ शय्याको सेवा प्रवाह भइरहेको छ।

जिल्ला अस्पतालमा तिन जना दशौँ तहको डाक्टर, तिन जना नहौँ तहको र एक जना मेडिकल अफिसरको दरबन्दी भए पनि लामो समयदेखि स्थायी एकजना मेसु र अस्थायी  नेक्ससाइमन इन्सच्युट वाट एकजना गरि दुई जनाको को भरमा अस्पतालको सेवा सञ्चालन भइरहेको हो । अस्पतालमा एक जना डाक्टरले मात्र बिरामीको स्वास्थ्य परीक्षणसँगै प्रशासनिक


कालिकोट अवस्थित जिल्ला अस्पताल । तस्विर : मिसन न्यूज

कामसमेत हेर्दै आएका छन् । हरेक दिन एक सय ५० देखि दुई सय संख्यामा बिरामीको चाप हुने गरेको छ। मेडिकल सुपरिटेन्डेन डाः भिष्म पोखरेलले प्रशासनिक कामका साथै बिरामीको स्वास्थ्य परीक्षण एक्लैले गर्नुपर्दा अस्पतालबाट प्रवाह हुने सेवा प्रभावकारी हुन नसकेको बताए। जसले गर्दा बिरामीको ज्यानसमेत जोखिममा परेको छ । यसअघि तिन जना डाक्टरले सेवा दिँदै आएका थिए । एक जना डाक्टरको करार अवधि सकिएर गएको र अर्को  एकजना डाक्टर डाक्टर विज्ञान प्रर्जापति काजमा सरुवा भएकोले अस्पतालको सबै भार आफूमाथि परेको मेसु डाक्टर पोखरेलले गुनासो गरे । अस्पतालको बहिरंग सेवा, अन्तरंग सेवा, २४ सै घण्टा इमर्जेन्सी सेवा, भिडियो एक्सरे सेवाका साथै जटिल प्रकारको प्रसूति सेवा (सीएस) समेत आफू एक्लैले गर्दा भ्याइनभ्याई हुने गरेको पोखरेलको भनाइ


**बाँकी ८ पेजमा.....**


## टिकटको सास्ती

**मिसन न्यूज**
**हुम्ला**

हुम्लाका नागरिकलाई जिल्ला बाहिर जान जहाजले उडान नगर्दा टिकट पाउन समस्या भएको छ। राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्लामा सेवा दिँदै आएका निजी एयरलाइन्सले उडान कम गरेका छन् । नेपालगञ्जबाट उडान गर्दै आएको सीता एयरलाइन्सले एक हप्तादेखि र समिट एयरलाइन्सले दुई दिनदेखि उडान बन्द गरेको छ। तारा एयरलाइन्सले दैनिक एक उडान गर्दै आए पनि कोठाबाट नै टिकट बुक गर्ने गरेको विमानस्थल पुगेका यात्रुले गुनासो गरेका छन्। जिल्ला बाहिर जानलाई पहुँचवालाले मात्रै टिकट पाउने गरेका छन्। निजी एयरलाइन्सले नियमविपरीत उडान गर्दा सबैभन्दा बढी विद्यार्थी मर्कामा परेका छन्। काठमाडौँमा अहेब अध्ययन गर्दै आएका गोरख तामाङले यही कात्तिक २८ गतेदेखि आफ्नो फाइनल परीक्षा दिन जान टिकटका लागि चार एयरलाइन्सका कार्यालयमा धाउँदा पनि कोही नभेटिएको गुनासो पोख्नुभयो। यस्तै सिमकोट गाउँपालिका-२ का प्रेम भण्डारीले सिमकोट विमानस्थलमा टिकटका लागि गत हप्तादेखि धाए पनि नपाएको दुखेसो गर्नुभयो। सुर्खेत र नेपालगञ्जबाट नियमित उडान गर्ने सहमति गरेका सीता, तारा, र समिट एयरलाइन्सले उडान नगर्दा यात्रुलाई टिकट पाउन मुस्किल भएको छ । सिमकोट विमानस्थलका प्रमुख गौरीशङ्कर शाहले निजी एयरलाइन्सले



नियमानुसार हप्ताको एक उडान भरिरहेको बताए। नेपाल एयरलाइन्सले भने एक हप्तामा तीन उडान गर्ने सहमति गरे पनि हप्ताका दुई उडान गर्दै आएको उहाँले जानकारी दिएका छन्। तीन, चार दिनको अन्तरालमा एक उडान गर्ने निजी जहाजले कोठा र फोनका आधारमै टिकट बाँडफाँट गर्ने गरेको सिमकोट विमानस्थलमा भेटिएका साधारणको गुनासो छ। जिल्लाका तल्लो क्षेत्रका हुम्लीलाई बाहिर जान सिमकोट पुगे पनि टिकट पाउन समस्या हुनुका साथै टिकटको पैसा होटलमा बास बसेर खाना खाँदैमा जाने गरेको गुनासो जनक सुनारले गुनासो गरेका छन्। नेपालगञ्ज र सुर्खेतदेखि नियमित उडान नहुँदा दशैँ मनाएर जिल्ला बाहिर जाने यहाँका नागरिकलाई सास्ती भएको छ। बिहान ६:०० बजेदेखि विमानस्थलमा टिकटका लागि लाइन लागे पनि टिकट पाउन मुस्किल भएको उनले बताए।

# सम्पादकीय...

## सुशासन र पारदर्शीता खै ?

सुशासन राज्यको सुन्दर गहना हो । राज्यले जनताका लागि गर्ने काम या प्रदान गर्ने सेवा वा राज्यको व्यवहार सुलभ, पारदर्शी, कानुनसम्मत र भेदभावरहित हुनुपर्छ भन्नु नै सुशासन हो । यसलाई असल शासन पनि भन्ने गरिन्छ । यो सन् १९९० को दशकपछि प्रयोगमा ल्याइएको समसामयिक अवधारणा हो । सन् १९८९ मा विश्व बैंकले अफ्रिकी सहारा क्षेत्रमा रहेका विपन्न देशको उत्थान कसरी गर्न सकिन्छ भनेर अध्ययन सुरू गर्यो । अध्ययनपश्चात् विश्व बैंकले ती देशमा कमजोर प्रशासनका कारणले विकास र उन्नति हुन नसकेको प्रतिवेदन सार्वजनिक गरेपछि सुशासनको नयाँ अवधारणा विकसित भएको मानिन्छ । सुशासनका सर्वमान्य मान्यता तथा तत्वमा राजनीतिक स्थिरता, स्वतन्त्र न्यायपालिका, विधिको शासन, पारदर्शिता, जनमुखी प्रशासन, जवाफदेहिता, इमानदारी, मानवअधिकारको प्रत्याभूति, सदाचारिता, विकेन्द्रीकरण, विकासमा जनसहभागिता, शक्तिको न्यायोचित प्रयोग आदि पर्छन् । त्यस्तै संयुक्त राष्ट्र संघको प्रकाशन मानवअधिकार रक्षाका लागि सुशासनको अभ्यासमा सुशासनलाई सेवाप्रदायकका रुपमा, लोकतान्त्रिक संस्थाका रुपमा, मानवअधिकार र विकास अधिकारका रुपमा, कानुनी शासनका रुपमा तथा भ्रष्टाचारविरुद्धमा प्रस्ट पार्ने प्रयास गरिएको छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को प्रस्तावनामा मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएको भनी उल्लेख छ । तर, कर्णालीका अधिकांश स्थानीय तहमा खरिद ऐन समेत कार्यन्वयन गरिएको छैन । स्थानीय तहको मनपरीले नागरिकलाई निराशा छाएको छ । सुशासन र पारदर्शीता नभएसम्म कुनै पनि क्षेत्रको विकास र समृद्धि नहुने भएकाले यसको कार्यन्वयन गर्न जरुरी छ ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**खाँडाचक्र नगरपालिका**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

## दैलेख र कालिकोट सिमानामा रहेको महाबु धाम 'पर्यटन हब' बनाउँछौं : मुख्यमन्त्री शाही

**मिसन न्यूज**
**कालिकोट**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले दैलेख र कालिकोटको सिमानामा रहेको महाबु क्षेत्रलाई 'पर्यटन हब' बनाउने बताएका



छन् । दैलेखको दमैकादेखि महाबु धामसम्म पुग्ने पर्यटकीय पद मार्गको शिलान्यास गर्न महाबु पुगेका मुख्यमन्त्री शाहीले प्रचार प्रसारको अभावले पछि परेको महाबु धमला कर्णाली प्रदेश सरकारले पर्यटकीय हबका रूपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटकको आकर्षणको केन्द्र बनाउने बताए । मुख्यमन्त्री शाहीले दैलेखको सबै भन्दा अग्लो स्थानमा रहेको महाबु धामको अवलोकन गर्दै स्थानीय सरकारले पनि दैलेखमा रहेका पर्यटकीय स्थलको प्रचार प्रसारसँगै संरक्षण गर्नु पर्ने दायित्व भएकाले सबै मिलेर पुराना सम्पदा कला संस्कृति जोगाई राख्न आग्रह गरेका छन् । यस्तै दैलेख उद्योग वाणिज्य संघ दैलेखले मुख्यमन्त्री शाहीसमक्ष बिभिन्न प्रकारका मागसहित माग पत्र समेत बुझाएको छ । दैलेख सुर्खेत सडक खण्डको स्तरउन्नति गर्न सुर्खेतदेखि हिल्सा जोड्ने सडकको काम छिटो सुरु गर्ने र दैलेखमा औद्योगिक ग्रामको स्थापना गर्नलगायतका मागसहित मागपत्र बुझाएको उद्योग बाणिज्य संघ दैलेखका महासचिव राजेश हमालले बताए ।

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# राजनीतिको पुन:अभिमुखीकरण जरुरी



**श्रीकान्त रेग्मी**

लोकतान्त्रिक गणतन्त्र बहालीसँगै नेपाली जनता संविधानतः मुलुकको सार्वभौमसत्ताका मालिक भएका छन् । जनता छाडेर मुलुकमा अन्य कोही पनि शक्तिशाली छैनन् । जनता नै सर्वशक्तिमान र सर्वोच्च शक्तिमा छन् । जनता नै अन्तिम निर्णायक शक्ति रहेको तथ्य निर्विवाद छ । वास्तविकता भने सर्वथा विपरीत छ । सर्वसाधारण जनता अद्यापि निरीह रहन विवश छन् । आफ्नो जीवनका न्यूनतम आधार जुटाउन पनि धौ धौ नै छ । जनजीवनको स्तरमा सुधार आउन सकेको छैन । लोकतान्त्रिक गणतन्त्र बहालीसँगै आफ्नो जीवनचर्या सहज हुने आशामा रहेका जनता अहिले निराश छन् । यस अवधिमा जनताको प्रत्यक्ष हितसँग आबद्ध सार्वजनिक स्वास्थ्य र शिक्षाका क्षेत्रमा विद्यमान बेथिति हटाउन र सामन्य जनताको निर्बाध रूपमा गुणस्तरीय सेवा प्राप्त गर्न व्यवस्था मिलाउन पनि कुनै काम हुन नसक्दा लोकतान्त्रिक गणतन्त्रप्रति जनतामा वितृष्णा पैदा हुन थालेको दुःखद अवस्था छ ।

मुलुकमा एउटै पार्टीको सुविधाजनक बहुमत प्राप्त सरकार भएकाले राजनीतिक स्थायित्व बहाल हुँदै गएको छ । सरकारले सही राजनीतिक दिशा लिन नसकेको फलतः राजनीतिक स्थिति पैदा हुन भने बाँकी नै छ । सत्ता पक्षबाट राजनीतिक स्थिरतामा खलल पुग्ने खालका गतिविधि भइरहेका छन् । लामो समयदेखि अर्का अध्यक्ष दाहाल सरकारको नेतृत्व परिवर्तनको कुरा गर्दै आइरहेका छन् र बेलाबेलामा सरकार प्रमुखमा आलोपालो गर्ने सहमतिको सन्दर्भ पनि उठाउने गरेकाले सरकारको स्थायित्व प्रभावित हुन पुग्नु अनौठो होइन । आश्वासन र नारा दिन सरकार निकै अगाडि भए पनि परिणाम उपलब्ध गराउन भने सरकार निकै पछि छ । त्यसैले, आमजनसमुदायले सकसपूर्ण जीवनयापन गर्दै आइरहेका छन् । थरीथरीका नारा र आश्वासन सुन्न बाध्य निरीह नेपाली जनता अब नेताको भाषण सुन्नुपर्दा कान थुन्ने अवस्थामा पुगेका छन् । लोकतान्त्रिक गणतन्त्र औपचारिकतामा सीमित छ । नेतृत्ववर्गको आचरणमा त्यसका मूल्य मान्यताको प्रतिविम्ब अनुभव हुन नसक्दा त्यसो हुनु स्वाभाविकै पनि हो । लोकतान्त्रिक गणतन्त्र बहालीपछि राज्यका मुख्य संरचनाहरू फेर्ने त कता हो कता तिनलाई सुधार गर्ने र समयानुकूल बनाउनेसम्मको कार्य पनि हुन सकेको छैन । मुलुकलाई लोकतान्त्रिकरणका दिशामा अगाडि बढाउन पनि नसकेको अवस्था छ । राजनीतिक दलहरू आफ्नो यो महत्वपूर्ण जिम्मेवारीलाई एकातिर पन्छाउँदै सत्ता र शक्तिको खेलमा लागेका छन् । त्यसैले, समाजमा विगतकै मूल्य मान्यताको प्रबलता छँदै छ । वास्तवमा समलकालीन राजनीति जनसाधारणको पीडामा मलम बन्न सकेको छैन । आमजनताले दैनिक जीवनमा भोग्दै आएका समस्याको समाधानतर्फ त्यसैले राष्ट्रिय राजनीतिको पुनः अभिमुखीकरण हुनु आवश्यक छ । जनताले कार्यान्वयनमा आउनै नसक्ने प्रतिबद्धता खोजेका नभएर कार्यान्वयनमा दृढता र इमानदारी हो । स्वतन्त्र बुद्धिजीवी र राजनीतिक विश्लेषकहरूले हाम्रो राजनीतिले समाजलाई नै दूषित तुल्याएको ठहर गरेका छन् । नेतृत्ववर्गले आफ्नो अनुकूल आचरणबाट यो ठहरलाई गलत प्रमाणित गर्ने अठोट नगरी हुँदैन । तीन तहमा सरकार क्रियाशील रहेसँगै आफ्ना सरोकारका काम छिटोछरितो र प्रभावकारी ढंगले सम्पन्न हुने सामान्य जनताको अपेक्षाउपर जनप्रतिनिधिका क्रियाकलापका कारण तुषारापात हुन गएको छ ।

राज्यका कुनै पनि तहका जनप्रतिनिधिहरूले आमजनताका कामलाई प्राथमिकता दिने गरेका छैनन् । उनीहरूको बढी ध्यान आफ्नो सुविधा र आमोदप्रमोदमा आकर्षित हुने गरेको छ । जनप्रतिनिधिहरूमा विदेश भ्रमणको अदम्यमोह छ । कतिपय जनप्रतिनिधिहरूले यो अवधिमा पटकपटक विदेश सयर गर्न भ्याएका छन् । विदेश जाने मौका पाए भ्रमण कार्यक्रम आफ्नो कार्यमा कति उपयोगी हुने हो त्योसम्म नबुझी संघीय सरकारलाई जानकारीसम्म पनि नदिएर जाने गरेका छन् । राष्ट्रिय स्वार्थलाई पन्छाएर दाताको स्वार्थमा पनि हाम्रा जनप्रतिनिधि विदेश भ्रमणमा जान्छन् । राजनीतिमा आफू स्थापित हुन र आफ्नो भूमिका सुनिश्चित गर्न जनप्रतिनिधिहरूले आफूलाई जनभावनासँग एकाकार गर्न सक्नुपर्दछ । जनभावना एकातिर र जनप्रतिनिधिका क्रियाकलाप अर्कैतिर हुने भएमा राजनीतिको आधार बलियो हुन सक्दैन । हाम्रा नेताहरू जनता अलमल्याउने काम मात्र गर्दछन् । वास्तविक काम भने गर्दैनन् । सोझा सीधा जनतालाई केही समय अलमल्याउन सकिए पनि समयमा कुनै प्रतिफल प्राप्त नहुने भएपछि उनीहरूमा अक्रोश भाव पैदा हुन्छ । जस्तोसुकै परिवर्तन र जुनसुकै सरकार आउँदा पनि जनताका कष्ट र पीडाहरू मत्थर हुन सकेका छैनन् । आफ्नो जीवन शैलीमा कुनै बदलाव नआउँदा राजनीतिलाई लिएर निराशाको सुस्केरा हलिरहन बाध्य छन् । आफ्नो कारुणिक दैनिकीमा कुनै परिवर्तन आउने र एजेन्डा सम्बोधनका लागि विश्वसनीय प्रयत्नसम्म हुन नसक्दा साधारण जनताले नेतृत्व वर्गप्रति आशा र भरोसा गर्न छाडेको छ । आफ्नो चासो र अपेक्षाप्रति उदासीन नेतृत्व र जनताबीच अविश्वास बढ्दै गरेको अवस्था छ । यस्तो अवस्थाले जनतालाई राजनीतिबाट निरपेक्ष बनाउँदै जाने निश्चित छ । त्यसैले जनजीवनका प्रतिकूलताहरूको निदान र क्रमशः तिनको प्रभावकारी उपचार गर्नेतर्फ आफूलाई केन्द्रित गरेर नेतृत्व वर्गले आफ्नो सान्दर्भिकता कायमै राख्ने कार्य सम्पादन गर्नु जरुरी छ । हाम्रा मित्रराष्ट्रहरूसँग हामीले जस्तोसुकै समझदारी गरे पनि नेतृत्व वर्गको चरित्र र आचरण विश्वसनीय हुन नसकेमा उपलब्ध सहयोगको सही उपयोग र विकास निर्माण कार्य द्रुत र प्रभावकारी हुन सक्दैनन् । विकास निर्माण कार्यमा नेतृत्व वर्गको ओठे प्रतिबद्धता न्यून व्यवस्थापन क्षमता, दीर्घसूत्री कार्यशैली, कार्यतत्परताको कमी यथावत रहिरहने हो भने उपलब्ध बाह्य सहयोगको कुरै नगरौं, आन्तरिक साधनको पनि सही परिचालन हुन सक्दैन । अहिले पनि विनियोजित पुँजीगत खर्च लक्ष्यअनुरूप हुनै सकेको छैन । वैदेशिक सहयोगको परिचालनमा पनि समस्या नै छ । एसियाली विकास बैंकबाट प्राप्त सहयोग परिचालन गरी कार्यान्वयन गरिँदै आएका विकास आयोजनाहरूमा निर्धारित समयमै सहयोग प्राप्त रकम खर्च हुन सकेको छैन । त्यस्तै, सत्तारुढ दलका नेताहरूमा प्रतिफलविहीन लगानीमा बढी रुचि देखिन्छ । त्यस्तो लगानी अर्थतन्त्रको आधारलाई उत्पादक बनाउन सहयोगी हुन सक्दैन ।

विकास निर्माण कार्यका लागि सदैव बाह्य सहयोग उपलब्ध भइरहन्छ भन्न सकिँदैन । त्यसैले, राजस्वको दायरा फराकिलो बनाउँदै जान अर्थतन्त्रको आधार विस्तार हुने उत्पादक गतिविधिमा लगानी केन्द्रित गर्नुपर्दछ । विकास निर्माण कार्य आफ्नै बुतामा हुनु आवश्यक छ । विकासको चर्को नारा दिनुभन्दा हामीले विकास व्यवस्थापन क्षमता बढाउनेतिर ध्यान पुऱ्याउनुपर्ने हुन्छ । ध्यान पुऱ्याउँदा सहजै समाधान हुन सक्ने सानातिना समस्याबाट पनि विकास निर्माणका काममा महिनौंसम्म अवरोध पुग्ने गरेको छ । आयोजना व्यवस्थापनमा हामी गम्भीर हुन नसकेको यसबाट स्पष्ट हुन्छ । मुख्य कुरा अग्रसरताको हो । विकास निर्माण कार्यलाई गति दिन आयोजना प्रमुख स्वयंले अग्रसरता लिनैपर्दछ । विकास आयोजनाहरूको समाधानमुखी नियमित अनुगमन त कमै हुन्छ । अनुगमन आनन्ददायी यात्रामा सीमित तुल्याउने परिपाटी पनि छँदै छ । सबै भारा टार्ने, समस्या अर्कालाई पन्छाउने र अरूतिर देखाउने गरिन्छ, समस्या समाधानमा तदारुकता देखाइँदैन । आयोजना स्थलमा आयोजना प्रमुखको निकट निगरानी पनि विरलै हुन्छ । यथेष्ठ पूर्व तयारीबिनै आयोजनाको थालनी हुन्छ । स्थानीय तहबाट पनि आफ्नो निहित स्वार्थका खुद्रामसिना समस्या अगाडि तेर्स्याउँदै आयोजना कार्यान्वयन प्रभावित तुल्याइन्छ । त्यसैले, आयोजना कार्यान्वयनलाई निर्बाध तुल्याउन यस्ता हर पक्षमा पर्याप्त सजगता अपनाउनुपर्दछ । कृषि प्रधान भनिए पनि मुलुकले बर्सेनि अर्बौं मूल्य बराबरको खाद्यान्न आयात गर्दै रहेको छ । आयात नगरी हाम्रो खाद्य आवश्यकता पूरा हुनै सक्दैन । धान, मकै, गहुँ, तरकारी, दाल, फलफूल, माछा, मासु, तेल सबै वस्तु आयात गरेर नै हाम्रो आवश्यकता धान्नुपर्ने स्थिति छ । मुलुकभित्रै उत्पादन बढाएर हाम्रो आवश्यकता पूरा गर्न सकिने वस्तुहरूको उत्पादन वृद्धि गर्नेतर्फ पनि हाम्रो ध्यान केन्द्रित हुन सकेको छैन । केही वर्षयता देखि झन् खेतीयोग्य जग्गा बाझै छाड्ने क्रम बढ्दै गएको छ । एकातिर कृषि कार्यका लागि कामदारको कमी छ भने अर्कातिर आर्थिक रूपमा सक्रिय उमेर समूहका युवाहरू लर्को लागेर वैदेशिक रोजगारीका लागि मलेसियालगायत खाडी मुलुकहरूमा जाने क्रम बढिरहेको छ । वास्तवमा यो विडम्बनाको अवस्था हो । चुलिँदै गएको व्यापार घाटा कम गर्न पनि खाद्य पदार्थ उपरको बाह्य निभरता कटौती गर्दै जानेतर्फ ध्यान नपुऱ्याइहुँदैन । युवा जनशक्तिलाई कृषि कार्यतर्फ आकर्षित गर्न युवा केन्द्रित कृषि नीति निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन राष्ट्रकै आवश्यकता हो । कृषि उत्पादनमा धेरै समस्या छन् । एकातिर ज्याला लिएर काम गर्ने कृषि मजदुरहरू उपलब्ध हुँदैनन् भने अर्कातिर ज्यालादर यति चर्को भएको छ भने ज्यालाका कृषि मजदुर लगाएर खेती गर्दा बढी लागत पर्न जान्छ । लागतअनुसारको प्रतिफल प्राप्त हुने सम्भावना छैन । त्यसैले पनि जग्गाधनीहरू कृषि मजदुर लगाएर खेती गर्नभन्दा आफ्नो जग्गा बाँझै छाड्न र खाद्य पदार्थ बजारबाट किनेर ल्याउन लालायित हुने गर्दछन् । कृषि मजदुरको ज्यालादर भारतमा भन्दा नेपालमा बढी छ ।

बजार र प्रतिफलको सुनिश्चय भएकाले केही वर्षयता व्यावसायिक तरकारी खेती, मत्स्यपालन, कुखुरापालन र बाखापालनको क्रम बढेको छ । उत्पादन बढे पनि कुखुराबाहेक अन्य वस्तु उपरको बाह्य निर्भरता कायमै छ । धान, मकै, गहुँ र अन्य खाद्य पदार्थ उत्पादन गर्ने किसानले आफ्नो लगानीको उचित प्रतिफल पाउन नसकेको गुनासो गर्दछन् । विभिन्न क्षेत्रमा काम गर्ने श्रमिकहरूको चर्को ज्यालादरका कारण हाम्रो मुलुकमा हर क्षेत्रमा लागत बढी पर्ने भएकाले सरकारले यस विषयमा उचित निर्णय लिनुपर्दछ । राजनीति सुधार नगरी अन्य क्षेत्रमा मात्र सुधार गरेर हामीले अपेक्षित परिणाम पाउन सक्दैनौं । राजनीतिमा प्रदूषण व्याप्त भइरहने र नेतृत्व वर्ग द्रव्य आर्जन तिरै लहसिने भइरहेमा अन्य क्षेत्रका सुधार तार्किक निष्कर्षमा पुग्नै सक्दैनन् । निर्वाचन खर्चिलो हुँदै गएको छ । निर्वाचनमा विजय प्राप्त गर्न जुनसुकै पार्टीका नेताहरूले पनि बाहुबलीको सहयोग लिने र उल्लेख्य रकम खर्च गर्ने गर्दछन् । चुनावमा गरिने अन्धाधुन्ध खर्च व्यापारी, दलाल, तस्कर, कालाबजारिया, भ्रष्ट र आपराधिक गिरोहबाट लिने गरिन्छ । चुनाव जितेपछि आफ्ना दाताको स्वार्थ पोषण गर्ने काम गरिन्छ । जनताका कामले प्राथमिकता नै पाउँदैनन् । राजनीतिमा मौलाउँदै गएको यस्तो प्रवृत्तिले राजनीतिको आपराधीकरण प्रक्रिया विस्तार हुन थालेको छ । मतदाताको मन जितेर होइन, उनीहरूलाई तर्साएर, उनीहरूको भय दोहन गरेर मत लिन खोजिन्छ । त्यसैले, निर्वाचनमा गुण्डागर्दीको प्रसंग चल्दा नेताहरू तै चुप, मै चुप हुन्छन् । राजधानी


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**पचालझरना गाउँपालिका**
**कालिकोट**

# कालिकोटमा स्याउ खेती फस्टाउँदै

मिसन न्यूज
कालिकोट

पछिल्लो समय जिल्लामा स्याउ खेती फस्टाउँदै गएको छ। स्याउको राजधानीका रुपमा चिनिएको जुम्ला जिल्लाको सीमानासँग जोडिएका फोइमहादेव, चिल्खाया, राचुलीबाट सुरुवात भएको स्याउ खेती पछिल्लो समय जिल्लाभरी फैलिएको छ। परम्परागत अन्नबालीभन्दा स्याउ खेतीबाट थोरै लगानीमा बढी आम्दानी लिन सकिने भएपछि स्थानीय किसानको सक्रियतामा जिल्लामा स्याउ खेती फस्टाउँदै गएको हो। विगत १० वर्षदेखि स्याउ खेती गर्दै आएका जिल्लाको तिलागुफा नगरपालिका चिल्खायाका अगुवा कृषक टेकबहादुर शाहीको मात्र एक हजार स्याउका बिरुवा फल्न थालेका छन्। उनको बगैचामा वर्षेनी करिब १० टन बराबरको स्याउ उत्पादन हुने गरेको छ।



जिल्लाको तिलागुफा नगरपालिका चिल्खायाका कृषक टेकबहादुर शाहीको स्याउ बगैचा। तस्विरः मिसन न्यूज।

आर्थिक वर्ष २०७०/०७१ को वैशाखमा काठमाडौको भृकुटिमण्डपमा सम्पन्न राष्ट्रिय औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी रजत महोत्सवमा नेपालकै तेस्रो कृषकका रुपमा पुरस्कृत भएका कृषक शाहीले स्याउ, सिमी, आलुलगायतका फलफूल तथा तरकारी खेती गर्दै आएका छन्। उनले स्याउ आम्दानीले परिवारको खर्च चलाउने, छोरा छोरी पढाउने देखि ५० लाखको आफ्नो जीवन बिमा गरेको बताए। स्याउ बेचेरै वार्षिक रुपमा १० लाख बढी आम्दानी लिने गरेको उनको भनाई छ। उनले भने, 'स्याउ बिक्री वितरणका लागि भदौमा पूर्णरुपमा उपयुक्त हुन्छ तर अहिले पनि बगैचामा स्याउ लटरम्मै फलेका छन्। बजारीकरण गर्न समस्याले वन्यजन्तु र पशुपंक्षीले खाँदै आएका छन्। स्याउ बगैचादेखि जुम्ला सुर्खेत राजमार्गअन्तर्गत पर्ने धनाडामा पुगाउन ५ घण्टाको पैदल यात्रा गर्नुपर्छ। गाउँमै यातायात सेवा विस्तार भएमा स्याउबाटै लाखौको आम्दानी हुने पक्का छ। गाउँमा यातायात सेवा विस्तार नहुँदा समस्या आएको छ। उनले भने, 'बगैचामा फलेको स्याउ बजारमा लिन नसक्दा वर्षेनी धेरै स्याउ कुहिएर खेर फालिरहेका छौँ।

स्याउको व्यवसायिक खेती गरिरहेका अगुवा कृषक शाहीले मात्र चिलखायाको भट्टाडिमा १ हजार ८ सय ५० स्याउका विरुवा रोपेका छन्। जसमा एक हजार विरुवाले फल दिनथालेका छन्। चिल्खायामा मात्र १ सय ५० भन्दा बढी कृषक स्याउको व्यवसायिक खेती तर्फ उन्मूख भई एक हजार भन्दा माथि विरुवाका बगैचा निर्माण गरेका छन्। जिल्लाको तिलागुफा र रास्कोट नगरपालिका स्याउ उत्पालनका केन्द्रका रुपमा चिनिएका छन्। प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले जिल्लाको रास्कोट नगरपालिकामा स्याउ जोन कार्यक्रम पनि लागु गरेको छ। जिल्ला कृषि ज्ञान केन्द्र कालिकोटका अनुसार जिल्लाका चिल्खाया, फोइमहादेव, राचुलली, पाँखा, दाँहाँ, कालिका, सुकाटिया, स्यूना, सीपखाना र फुकोट गरी ८ वटा गाउँमा स्थानीय किसानले व्यवसायिक स्याउ खेती गर्दै आएका छन्। जिल्लामा ग्रामीण कृषि सडक विस्तार नभएका कारणले स्थानीय कृषिले उत्पादित वस्तु बजारसम्म ल्याउनका लागि सास्ती खेपिरहेका छन्।

जिल्लाको भौगोलिक बिकटताका साथै पूर्वाधार विकास न्यून भएका कारण कृषकले यस्तो समस्या खेप्न बाध्य भएका छन्। हाल स्थानीय सरकारले ग्रामीण सडक निर्माणलाई पहिलो प्राथमिक्ता दिएपनि अपेक्षित उपलब्धि हाँसिल गर्न सकिरहेका छन्। बनेका सडकहरुमा पनि गाडी गुड्न सक्ने अवस्था छैन्। जिल्लाको रास्कोट नगरपालिका प्रमुख कासीचन्द्र बरालले रास्कोटमा लागु भएको स्याउ जोन कार्यक्रममार्फत रास्कोटका हरेक घरधुरीलाई न्यूनतम एक सय स्याउका बिरुवा रोप्न लगाइएको बताए। उनले भने, 'रास्कोटको सिप्टीमा स्याउ उत्पादनमा लागि प्रचुर सम्भावना छ।

त्यहाँ यातायात सेवा पुर्‍याउनका लागि सडक निर्माण कार्यलाई पनि तीव्रता दिएका छौँ।' अबको केही महिनाभित्र सिप्प्टीमा गाडी पुगाउँछौं। रास्कोट नगरपालिकालाई फलफूल र तरकारीमा आत्मनिर्भर बनाउने नगरपालिकाको योजना छ। उनका अनुसार सिप्टीमा हाल रास्कोट नगरपालिका भित्रका ३ सय भन्दा बढी किसानले स्याउ खेती गरिरहेका छन्।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

पलाँता गाउँपालिका
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी भिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

रास्कोट नगरपालिका
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

महावै गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# सुनका असर्फी फिर्ता गर्न राज्यलाई आग्रह

मिसन न्यूज
सुर्खेत

जिल्लाको कनकासुन्दरी गाउँपालिका-७ धारापाटा गाउँका ८० वर्षीय झुपलाल भन्ने नन्दलाल उपाध्याय आजसम्म पनि राज्यले आफ्ना सुनका असर्फी (सिक्का) फिर्ता नगरेको भन्दै आक्रोश व्यक्त गर्छन् । धारापाटा गाउँकै झावटी नामको गडा (गह्रा)मा जोत्दै गर्दा विसं २०४३ पुसमा तीन चाँदीका बाला र ६२ सुनका असर्फी पाइएका थिए । सिञ्जा खस साम्राज्य हुँदाको समयमा तत्कालीन राजाहरुले लुकाएको धन हुनसक्ने अनुमान गरिएको सुनको असर्फी नन्दलालका भाइ धनलाल उपाध्याय र हली (गह्रा जोत्ने) जोखे कार्कीले गाउँदेखि करीब दुई घण्टा टाढा रहेको झावटी गह्रामा जोत्न जाँदा भेट्टाएका थिए । सुन पाइसकेपछि गाउँका मान्छेहरुले एकपछि अर्को गर्दै थाहा पाए । भाइ र हली दुवैले पाएको सुन


जुम्लाको धारापाटा गाउँकै झावटी नामको गडा (गह्रा)मा जोत्दै गर्दा भेटिएका सुन र चाँदीका असर्फी । तस्विर : मिसन न्यूज


गाउँका नायक मुखियाहरुले केही भाग आफूलाई दिन नन्दलाललाई आग्रह गरेका थिए । माग्नेहरुलाई आफ्नै गह्रामा पाएको सुन उनले दिन इन्कार गरेपछि गाउँकै उनीहरुले सुन, हार, हिरा, माला, मुकुट, मूर्ति पाएको भन्दै आफूहरुविरुद्ध प्रशासनमा उजुरी हालेको नन्दलालले राससलाई जानकारी दिए । मुद्दा हालेपछि शुरुमा आफूसहित भाइ धनलाल, बुहारी देवीकन्या उपाध्यायका साथै हली जोखे कार्की पक्राउ परेको उनको कथन थियो । त्यसपछि जार शाही, देवी सिंह, गोरखबहादुर, धनबहादुर कार्कीलगायतका व्यक्तिहरु पनि पक्राउ परेको उनले बताए । प्रशासनले ती चारै जनालाई दुई/चार दिन राखेर छाडे पनि आफूहरुले वर्ष दिनसम्म कष्ट काटेको उनको दुखेसो थियो । 'तत्कालीन अञ्चलाधीश जगदीश खड्काको आदेशमा मसहित भाइ नन्दलाल उपाध्याय, बुहारी देवीकन्या उपाध्याय र जोखे कार्कीलाई पक्रेर लग्यो', उनले भने, 'तत्कालीन केन्द्रीय कारागार जुम्ला र क्षेत्रीय सुर्खेत गरेर एक वर्ष जेल सजाय भुक्तान गरेँ', दुःख पोख्दै उपाध्यायले सुनाए, 'चार जनाविरुद्ध हालिएको मुद्दा जितियो तर के गर्नु मुद्दा जिते पनि अहिलेसम्म हामीले आफ्ना सुनका ५७ असर्फी पाएका छैनौँ ।' सार सुन पाउने जोत्ने हली जोखे कार्की र घरधनी धनलाल उपाध्यायको मृत्यु भइसकेको छ । यद्यपि आफूहरुले जितेको फैसला र फैसलाअनुसार पाउन नसकेको धन र क्षतिपूर्तिका विषयमा अहिलेसम्मका कुनै पनि सरकारले नबोलेको उनको गुनासो छ ।

बाँकी ८ पेजमा.....

# दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन्

मिसन न्यूज
दैलेख

दैलेखमा पेट्रोलियम पर्दाथ अन्वेषणका लागि 'साइस्मिक' सर्भे गरिने भएको छ । चिनियाँ प्राविधिक टोलीले पेट्रोलिय पदार्थको बढी सम्भावना





रहेको क्षेत्र शिरिस्था, नाभिस्थान, पादुकालगायतका क्षेत्रलाई आधार मानी 'साइस्मिक' सर्भे गर्न लागेको हो । खानी तथा भूर्गभ विभागका भूर्गभविद् गणेश त्रिपाठीले दैलेखमा पेट्रोलियम पर्दाथ अन्वेषणको साइस्मिक सर्भे सुरु गर्न लागिएको बताए । चीनबाट पेट्रोलियम पदार्थ अन्वेषण गर्नका लागि प्राविधिकको चार टोली दैलेख आएको भूर्गभविद् त्रिपाठीले बताए । चार टोलीमध्ये पहिलो टोलीले सर्भे गर्ने र आवश्यक पर्ने नक्सा निर्माण गर्नेछ । त्यसैगरी, दोस्रो टोलीले जिओलोजिकल सर्भे गर्ने र जमिनको सतह मूनिको अवस्थाका विषयमा अनुसन्धान गर्नेछ । तेस्रो टोलीले अन्वेषणका लागि आवश्यक पर्ने औजारहरू मगाउने छ भने चौथो टोलीले जमिन मूनिको सतह कस्तो अवस्थामा छ भनेर 'साइस्मिक' सर्भे गर्ने त्रिपाठीले बताए । यसका लागि लागि डुगेश्वर गाउँपालिका-१ स्थित चुप्रा बजारनजिक अन्वेषण टोलीले क्याम्प निर्माण गरेर बसेको छ । नेपाल सरकार खानी तथा भूर्गभ विभाग र चीन सरकारको चाइना जिओलोजिकल सर्भे कम्पनीबीच पेट्रोलियम पदार्थ

बाँकी ८ पेजमा.....

# जाडो छल्न तराई बसाइसराइ

मिसन न्यूज
सुर्खेत

कर्णालीका हिमाली जिल्ला डोल्पा, मुगु, हुम्लाका स्थानीयवासी जाडो छल्नका लागि तराइ झर्न थालेका छन् । दसैं र तिहार सकिएसँगै हिमाली


साविकको कर्णालीबाट तराई ओरालिदै भेडाबाखा । तस्विर : मिसन न्यूज

जिल्लामा जाडो बढ्ने भएकाले उनीहरु तराइ झर्न थालेका हुन् । कर्णालीका हिमाली जिल्लावासी चिसो बढ्न थालेपछि न्यानोको खोजीमा बेसी झर्ने गरेका छन् । हिउँदमा हिउपात हुने जाडो निकै बढ्ने भएकाले जाडो छल्नका लागि बेसीतिर बस्तु भाउसँगै झर्ने गरेको मुगु कार्मारोङ् गाउँपालिकाका टासी लामाले बताए । 'हिमालमा हिउँ पर्छ । चिसोका कारणले भेडाब्राखा चराउन गाह्रो हुन्छ,' उनले भने, 'त्यसैले न्यानोका लागि हामी बेसी झर्ने गरेका छौं ।' बसाइँसराइका क्रममा जुम्ला, हुम्ला र मुगुका हिमाली बस्तीका मानिसहरु भेडा, च्याङ्ग्रा, खच्चड र गाईगोरु लिएर कालिकोट हुँदै दक्षिणी अछाम र दैलेखमा जाने हुम्लाका तातोपानी गाउँपालिकाका कम्बर रोकायाले बताए । 'हिमालमा हिउँ पर्छ । जाडो हुन्छ । भेडा र वस्तुभाउ चराउन गाह्रो हुन्छ,' उनले भने, 'त्यसैले सधैंका वर्ष झैं जाडो छल्न हामी औलमा झर्ने गरेका छौं ।' हिमाली बस्तीका जनजाती र अन्य समुदाय वर्षको चार महिना उत्तरी भेगमा पर्ने चीनतिर जाने गर्दछन् भने

बाँकी ८ पेजमा.....


## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# पर्व सकिएपछि गाउँ सुनसान

मिसन न्यूज
सुर्खेत

दसैं तिहार र छठ सकिएसँगै सुदूरपश्चिमका गाउँहरू खाली हुन थालेका छन् । दसैं तिहार, छठलगायतका पर्व मनाउन गाउँ पुगेका मानिसहरू कर्मथलो फर्किन थालेका कारण गाउँ पुनः सुनसान बन्न थालेका छन् । पर्व मनाउन केटाकेटी र बुढाबुढी मात्र देखिन थालेका छन्,' उनले भने, 'दसैं तिहार मनाउन गाउँमा आएकाहरू अहिले रोजगारीलगायतका कामले अन्यत्र जान थालेका छन् ।' दसैं तिहारका बेला भरिभराउ गाउँ पुनः रित्तो बनेको सुर्खेत बराहताल गाउँपालिका-७ का जगत बडुवालले बताए । बडुवाल भन्छन्, 'दसैं तिहारका बेला गाउँ रंगीचंगी थिए अहिले रित्ता भए ।'



गाउँ फर्किएका अहिले कर्मथलोमा जान थालेका कारण गाउँहरू सुनसान जस्तै बनेका छन् । दसैं तिहारमा गाउँमा आएकाहरू अहिले कर्मथलोमा फर्किन थालेका कारणले गाउँहरू खाली हुन थालेको कालिकोट नरहरिनाथ गाउँपालिका-५ का रामबहादुर बोगटीले बताए । 'दसैं तिहार मनाउन गाउँमा आएकाहरू अहिले कर्मथलोमा फर्किन थालेका छन्,' उनले भने, 'अहिले गाउँहरू पूरै खाली छन् ।' दसैं तिहार मनाउन गाउँमा पसेका कर्मचारी, विद्यार्थी र गाउँका मानिसहरू रोजगारीका अयन्त्र जान थालेका कारण गाउँ अहिले बुढाबूढी केटाकेटी मात्र भेटिने गरेको कालिकोट पचालझरना गाउँपालिका अध्यक्ष खड्कबहादुर सेजुवालले बताए । 'गाउँमा अहिले

### गाडी पाउनै मुश्किल

गाउँघरबाट शहर र रोजगारीका लागि बाहिर जानेको संख्या वृद्धि भएका कारण अहिले सवारीसाधनमा सिट पाउनै मुश्किल हुन थालेको छ । कालिकोटबाट काठमाडौं जाने टिकट नपाएर गाडी रिजर्भ गरेको खाँडाचक्र नगरपालिका-१ का जयन्ती शाहीले बताइन् । '१८ गते काठमाडौंका स्कुलहरू खुल्ला हुँदैछन्,' उनले भनिन्, 'कालिकोटबाट आउँदा गाडी रिजर्भ गरेर आयौं । सुर्खेतबाट काठमाडौं जाने गाडीको टिकट पनि पाउन सकेको छैन् ।' अहिले बसपार्कहरूमा यात्रुहरूको चाप निकै हुने गरेको र टिकट पाउनै मुश्किल रहेको सुर्खेत बसपार्कस्थित रारा कर्णाली

बाँकी ८ पेजमा.....

# कुन फलफूल कुन समयमा खानु हुदैन् ?

मिसन न्युज
स्वास्थ्य



खानपिनका लागि प्रकृतिले हामीलाई अनेकौं परिकारह दिएको छ । ती परिकारहरुमा पनि हामीले विभिन्न स्वाद तयार पारेर आफ्नै किसिमको खाना बनाउने गरेका छौं । एकातिर प्रकृतिले दिएको स्वादलाई जस्ताको त्यस्तै आश्वाधन गर्न हाम्रा केही फलफूलहरु तयार छन् भने कृतिम स्वाद बनाएर पनि यावत किसिमका खानाहरु खाने गरिन्छ । सभ्यताको सुरुवातमा सबै कुराहरु काँचै खाने चलन थियो । कुनै समय फलफूलले मात्रै जीवन धानेका मानिव जाति अहिले नियमित खानाको रुपमा कृतिम स्वाद लिएर प्राकृतिक स्वादको लागि फलफूल खाने गर्दछन् । हामीलाई प्रकृतिले काँचै खानको लागि दिएको फलफुलहरु पनि समय मिलाएर खाएमात्रै फाइदाजनक हुन्छ ।

### दूधमा मिसाएर खान नहुने फलहरु

आयुर्वेदले केही फलहरुलाई दूधमा मिसाएर खान नहुने फलको रुपमा उल्लेख गरेको छ । जुन फल पूरा रुपमा गुलियो हुँदैन, जुन फलमा थोरै मात्रै भएपनि अम्ल (एसिड)को मात्रा हुन्छ । त्यस्तो फललाई दूधमा मिसाएर खानु हुँदैन भन्ने मान्यता छ । गुलियो नै भएपनि केरालाई दूधमा मिसाएर खान नहुने सुझाव आयुर्वेदले दिएको छ ।

### खाना लगत्तै खान नहुने फल

आयुर्वेदका अनुसार कुनैपनि फलहरु खाना खानेबित्तिकै खानु हुँदैन । यसको पछि पनि एउटा आधारभूत कारण छ । फलले हाम्रो पाचन प्रक्रियालाई प्रभावित गर्छ । जसका कारण खाना लगत्तै फल खाँदा हाम्रो पाचन प्रणाली बिग्रन जान्छ । यस्तो गर्दा यसबाट एसिडिटी पनि हुनसक्छ ।

### सागपातसँग फलफूल बर्जित

आयुर्वेदका अनुसार नपकाइएको खानासँग कहिलै पनि पकाएको खाना खानु हुँदैन । किनकी शरीरमा काँचो र पाकेको फल पचाउनको लागि छुट्टा छुट्टै शक्तिको आवश्यकता पर्दछ । यो दुबै फल एकै पटक खाँदा यसले पनि पाचन प्रक्रियामा असर गर्ने गर्दछ । हामीले खाने फलमा जुन प्राकृतिक मिठास हुनेगर्छ त्यो नै सबैभन्दा धेरै पोषण युक्त खाना हो ।

### कुन समयमा खाने फल ?

आयुर्वेदले बिहानको समय फल खानको लागि एकदमै फाइदाजनक रहेको उल्लेख गरेको छ । अमिलो फललाई छाडेर अरु सबै किसिमको फलहरु बिहान खाली पेटमा नै खान सकिन्छ । यसरी बिहान खान सक्ने फलफूलमा केरा, नासपाती आदि पर्छन् । खासगरी स्याउलाई बिहानको समयमा खानु राम्रो हुन्छ । यसमा प्रोटिन हुन्छ । जसले हाम्रो आँतलाई स्वस्थ राख्ने गर्दछ ।

### यी खानाले घटाउँछ वजन

खाना खानुभन्दा केही समय अघि मात्रै फल खानु स्वास्थ्यको लागि अत्यन्त फाइदाजनक मानिन्छ । यसले धेरै खाना खाने समस्याबाट पनि रोक्छ र शरीरमा खाना सन्तुलित हुन्छ भन्ने आयुर्वेदको बुझाई छ ।

हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔँ, गरिबी न्यूनिकरण गरौँ ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौँ, गराऔँ ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

# बढी शुल्क लिने मेडिकल कलेजविरुद्ध उजुरी

## कारवाही गर्ने सरकारको तयारी

मिसन न्यूज
काठमाडौं

सरकारले तोकिएभन्दा बढी शुल्क लिने मेडिकल कलेजमाथि कारबाही अघि बढाउने भएको छ। शुल्क फिर्ता गर्न एक महिना समय दिएपनि




मेडिकल कलेज सञ्चालकले बेवास्ता गरेपछि शिक्षा मन्त्रालय र चिकित्सा शिक्षा आयोगले कारवाही प्रक्रिया अघि बढाएका हुन्। मन्त्रालय र आयोगले पीडित विद्यार्थी र अभिभावकलाई किटानी उजुरी दिन आव्हान गरेका छन्। मन्त्रालयले जारी गरेको विज्ञप्तीमा किटानी उजुरीका आधारमा प्रचलित कानूनबमोजिम कानूनी कारवाही अघि बढाइने उल्लेख छ। तोकिएभन्दा बढी शुल्क लिने मेडिकल कलेजलाई ठगी मुद्दामा कारवाही गर्ने सरकारको तयारी छ। मेडिकल कलेज सञ्चालकहरुले भने शुल्क फिर्ता नगर्ने र एमबीबीएसको नयाँ भर्ना नलिने धम्की समेत दिदै आएका छन्। शुल्कवृद्धिको विरोधमा विद्यार्थीहरु भने राजधानी केन्द्रित आन्दोलनमा छन्।

सरकारले उपत्यकामा ४० र उपत्यका बाहिर ४४ लाख शुल्क निर्धारण गरेपनि सञ्चालकले साठी लाखसम्म विद्यार्थीसँग असुली गर्दै आएका छन्।

# ट्रम्पविरुद्धको महाभियोग दिने प्रस्ताव पारित

एजेन्सी
वासिंगटन

अमेरिकी संसदको तल्लो सदन हाउस अफ रेप्रिजेन्टटिभ्समा राष्ट्रपति डोनल्ड ट्रम्पविरुद्ध महाभियोग लगाउने विषयको छानबिनलाई औपचारिकता दिने प्रस्ताव पारित भएको छ।



सो प्रस्तावमा महाभियोग लगाउने विषयमा भइरहेको छानबिनले अफ सार्वजनिक रूप कसरी लिन्छ भन्ने विषय समेटिएको छ। डेमोक्रेटहरुको नियन्त्रणमा रहेको तल्लो सदनमा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा समर्थन रहे/नरहेको पहिलो औपचारिक परीक्षण थियो। राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले मतदानको भर्त्सना गरेको छ। प्रस्तावको पक्षमा २३२ मत खसेको थियो भने विपक्षमा १९६ मत परेको थियो। सन् २०१६ को निर्वाचनमा भिनो मतान्तरले ट्रम्प विजयी भएका जिल्लाबाट प्रतिनिधित्व गर्ने दुई डेमोक्रेट सांसदले प्रस्तावको विपक्षमा मतदान गरेका थिए। हाउस अफ रेप्रिजेन्टटिभ्सले पारित गरेको प्रस्तावले ट्रम्पका वकिलहरूको अधिकार समेत निर्धारण गरेको छ। राष्ट्रपति ट्रम्पमाथि आफ्ना राजनीतिक प्रतिद्वन्द्वी जोए बिडेनविरुद्ध भ्रष्टाचारको आरोपमा अनुसन्धान गर्न युक्रेनलाई दबाव दिएको आरोप छ। ट्रम्पले भने आफूमाथिको आरोप अस्वीकार गर्दै आएका छन्। सभामुख न्यान्सी पेलोसीले आफ्नो पार्टीले अमेरिकी संविधान र प्रजातन्त्रको रक्षाका निम्ति महाअभियोगको कदम चालिएको दाबी गरेकी छन्। बन्द कोठाभित्र सुनुवाइ गरेको भन्दै रिपब्लिकनहरूले डेमोक्रेटहरूको आलोचना गर्दै आएका छन्। यद्यपि सुनुवाईहरुमा रिपब्लिकन समेत सहभागी हुँदै आएका छन्। डेमोक्रेटहरुले अनुसन्धानलाई सार्वजनिक तहमा लैजानुअघि प्रमाणहरू जुटाउन आवश्यक रहेकोमा जोड दिँदै आएका छन्।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | हिम्मत गर्दा चिताएको काम सजिलै बन्नेछ। धेरैको विश्वास जित्न सकिनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरू समेत नजिकिएलान्। नाम, दाम र इनाम हातपार्ने समय छ। दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ। मंगलवारपछि आफ्नो लाभांश अरूले हत्याउने चेष्टा गर्नेछन्, सजग रहनुहोला। |
| वृष : | परिस्थितिवश काम बिग्रने चिन्ताले सताउन सक्छ। जिम्मेवारी बढ्नेछ भने अरूका लागि समय खर्च हुनेछ। तापनि आध्यात्मिक ज्ञानले दुर्भावनाका तर गहरू समाप्त हुनेछन्। बीचमा चिताएको काम सम्पादन हुनेछ भने नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| मिथुन : | प्रारम्भ केही खर्चिलो रहनेछ। स्वास्थ्य पनि कमजोर रहनेछ। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। काम बिग्रने डरले सताउन सक्छ। मंगलबारपछि स्थितिमा सुधार आउनेछ। सानो प्रयत्नले काम बन्नेछ भने अवसरले उत्साह जगाउनेछ। |
| कर्कट : | प्रारम्भमा रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। पुरुषार्थी काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ। बुधवार र बिहीवार भने अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। |
| सिंह : | मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्। रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। लामो तथा रमाइलो यात्राको प्रक्रिया अघि बढ्नेछ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। |
| कन्या : | ईर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउने हुँदा काम रोकिन सक्छ। अध्ययनमा पनि समय दिन नसकिएला। आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन्। मंगलवारपछि स्थितिमा सुधार आउनेछ भने विभिन्न अवसर प्राप्त हुनेछन्। व्यवसायमा प्रतिस्पर्धीहरू पछि पर्नेछन्। |
| तुला : | प्रारम्भमा घरेलु समस्या सुल्झाउन जुट्नुपर्ला। शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा अलि दुख पाइनेछ। बलभन्दा बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला। मंगलवारपछि स्थिति अनुकूल बन्नाले विभिन्न अवसर प्राप्त हुनेछन्। |
| वृश्चिक : | प्रयत्न गर्दा ठूलै उपलब्धि हातलागी हुनेछ। सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ कर्म गर्न मन उत्साहित हुनेछ। शुभचिन्तकहरूले साथ दिनाले चिताएका काम सजिलै बन्नेछन्। बुधवार र बिहीवार भने घरायसी समस्याले अल्झाउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूबाट सतर्क रहनुहोला। |
| धनु : | बोलीको प्रभावले मनग्य फाइदा उठाउन सकिनेछ। तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ। दिगो फाइदा हुने काम सुरु हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ। बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरूलाई वशमा ल्याउन सकिनेछ। |
| मकर : | हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुनेछ। लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ। काममा अभिप्रेरित गर्नेहरू प्रशस्तै भेटिनेछन्। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। सत्कर्ममा जुट्नेहरूलाई बोलीको भरमा काम बन्न सक्छ। |
| कुम्भ : | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्ला। बेलामा होस नपुर्‍याउँदा अप्ठ्यारा चुनौती आउन सक्छन्। मंगलवारपछि स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ। भोजभतेरको निम्तो आउन सक्छ। स्वास्थ्य कमजोर रहने देखिएकाले खानपानमा सजग रहनुहोला। |
| मीन : | सामान्य आम्दानी भइरहे पनि अर्थ अभाव कायम रहनेछ। खर्चको मात्रा बढ्नेछ भने समयमा रकम हातलागी नहुँदा काममा पनि समस्या पर्नेछ। एउटै कामलाई दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। साथीभाइ समयमा नजुट्नाले पनि दुःख पाइनेछ। |

## जिल्ला अस्पतालमा....................................

छ। '२४ सै घण्टा एक्लै खटेर सेवा दिनुपर्दा सेवा प्रभाकारी हुन सकिरहेको छैन', उनले भने, 'दशौं तहको डाक्टर नहुँदा प्रशासनको कामसमेत आफैंले गर्नुपरेको छ।' एक्लैले लगातार काम गर्दा बिरामीको राम्रो हेरचाह गर्न नपाएको र बिरामीको गुनासोसेमत बढिरहेको उनले बताए। अस्पतालमा उपलब्ध जनशक्ति बिरामीको चापका आधारमा अपुग भएको विषयमा सरोकारवाला जानकार भए पनि कसैले चासो नदिएको अस्पताल प्रशासनले जनाएको छ। कर्णाली प्रदेशअन्तर्गत सामाजिक विकास मन्त्रालयमा जनशक्ति अभावबारे अवगत गराउँदै डाक्टरको माग गरी पठाए पनि कुनै जवाफ नआएको जिल्ला स्वास्थ्य प्रमुख कटक महतले जानकारी दिए। मुख्यमन्त्री पनि कालिकोटकै हुँदापनि धेरै पटक मुख्यमन्त्री संग डाक्टर अभावको विषयमा कुरा गयौ तर, अहिले सम्म कुनै डाक्टर आए न जभाव आयो।

## दैलेखमा पेट्रोलियम पदार्थ...................

अन्वेषणको सम्झौता भएको थियो। चाइना जिओलोजिकल सर्भे र नेपाल सरकारको खानी तथा भूर्गभ विभागका महानिर्देशक सोमनाथ सापकोटाबीच दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण गर्न २ अर्ब ४० करोडको सम्झौता भएको हो। कामदारको माग साइस्मिक सुरु गर्नका लागि त्रिवेणी ओभरसिज प्रालिले दक्ष तथा अदक्ष गरी ८३ पदमा आवश्यक कामदारको माग गरेको छ। अदक्ष कामदार ५० जनाको माग गरिएको छ। सबै कामदार जिल्लाभित्रकै राखिने कम्पनीले जनाएको छ। पहिलो पटकाका लागि अदक्ष कामदार ५० जना, डिलर १० जना, सुटर ५ जना, टावल सुटर ५ जना, जिपिएस अपरेटर ५ जना, सर्भेयर ६ जना, ड्रिलिङ फोरम्यान १ जना, लाइन फोरम्यान १ जना गरी ८३ जना दक्ष तथा अदक्ष कामदारको माग गरिएको त्रिवेणी ओभरसिज प्रालिका म्यानेजर सूर्यमणी लामिछानेले बताए।

## सुनका असर्फी फिर्ता.......................

प्रहरी प्रशासनमा काम गर्ने मुगु कार्कीबाडा निवासी दियप्रसादको सुराकीले आफूलाई अप्ठ्यारोमा पारेको उहाँको भनाइ थियो। भुतपूर्व सहायकमन्त्री स्व अदनसिंह कठायतले तत्कालीन पञ्चायतकालीन ऐन पल्टाएर आफूहरुलाई मुद्दा लगाएको र त्यही मुद्दाअनुरुप अञ्चलाधीशको अड्डामा ५७ सुनका असर्फी दाखिला गरिएको उपाध्यायले बताए।

जुन सुनको असर्फीहरुको अभिलेख पुरातत्व विभागमा र वसन्तपुर सङ्ग्राहलयमा राखिएको उनको भनाइ थियो। नन्दलाल उपाध्यायले दुखेसो पोख्दै भने, " आफ्नै गडा (गह्रा) मा सुन पाउनु निकै ठूलो दुर्भाग्य भयो। हामी त वास्तविक सुनधनी हौँ, लुटेरा होइनौँ। सुन पाउनु हाम्रो अपराध थिएन न त कुनै भूल नै। बिडम्बना, तत्कालीन पञ्चायती राज्यसत्ताले आफ्नै गडा (गह्रा) मा पाएको सुनका असर्फी खोसेर मात्र लिएन, जेलमै कोचेर यातनासमेत दियो। उनले अगाडि भने,सुन पाउँदा अत्यधिक दु:ख पाइयो। भाइ धनलाल उपाध्याय र हली जोखे कार्की त्रिपुरेश्वर काठमाडौं जेलमा सरुवा गरेर दु:ख दिइयो। मैले जुम्ला, दैलेख, सुर्खेत, पोखरा धाउनुपर्‍यो। खल्तीमा धन पनि रहेन। न राज्यले हामीलाई चिन्यो न त सुन पाइएको ठाउँको उत्खनन र जग्गाको उचित सुरक्षा गर्ने वातावरण मिलायो। अन्ततः विसं २०४६ तिर मुद्दा हाम्रै पक्षमा फैसला भयो। उतिबेला नै फैसला हाम्रा नाममा भए पनि राज्यले हामीलाई ५७ सुनका (सिक्का) असर्फी वा त्यो बराबरको धन अहिलेसम्म फिर्ता गरेको छैन।

## संस्कृति संरक्षणमा ........................

स्थानीयको सक्रियतामा जनप्रतिनिधिले संस्कृति संरक्षण अभियानमा लागेका छन्। रास्कोटको धार्मिक तथा साँस्कृतिक परम्परा जोगाउँन रास्कोट नगरपालिका सकृय भएको नगर प्रमुख काशिचन्द्र बरालले सुनाए। परम्परागत धार्मिक आस्थालाई कुनै पनि शक्तिले नरोक्ने जनप्रतिनिधिको भनाइ रहेको छ। रास्कोटकोटका धार्मिक मेलामा नगरपालिकाले श्रमरोजगार बैंकमा आवद्ध यूवालाई स्वयशेवकको रुपमा परिचालन गरिएको थियो। त्यस्तै सान्नी त्रिवेणीको संस्कृति संरक्षणका लागि गाउँपालिका कम्ममर खसेर लागेको छ। यहाँ हुने धार्मिक मेलालाई मध्यनजार गर्दै गाउँपालिकाले देवि देवताका मन्दिर निर्माण गर्दै आएको छ। सान्नीमा लाग्ने धार्मिक मेलामा गाउँपालिकाले बजेटको व्यवस्थापन गरेर संस्कृति जोगाउँने मेसो गरेको छ। यहाँ लाग्ने मेला मात्र नभइ साँस्कृति क्षेत्रका सवै पर्वको संरक्षण गर्ने अभियानमा लागेको गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए। कालिकोटका प्राय:सबैजसो स्थानीय तहमा जनप्रतिनिधिले सास्कृतिक तथा धार्मिक आस्थाको जोर्गेना गर्दै आएका छन्। जिल्लाका ९ वटै स्थानीय तहमा हुने धार्मिक मेलामा धामी झाँक्रि नाँच प्रदर्शन गर्ने प्रचलन रहेको छ।

## जाडो छल्न तराई..................

चिसो लागेपछि बेसी झर्ने गरेका मुगु खत्याड गाउँपालिका नरबहादुर कार्कीले बताए। 'वर्षायाममा भेडा च्याङग्रासहित उत्तरी चीनमा जाने गरेका छौं,' उनले भने, 'अहिले भने चिसो छल्न दक्षिणको अछाम र दैलेखमा जाँदैछौं।' त्यस्तै हुम्लाका, मैला, मदेना, डाडाफया, श्रीनगरका बासिन्दा पनि जाडो छल्न भेडा, च्याङ्ग्रा, घोडा, खच्चड गाईगोरु लिएर बेँसीतिर झरेका हुम्लाका नरबहादुर शाहीले बताए। 'हुम्लाका धेरै मानिसहरु जाडो छल्न औलमा झरेका छन्,' उनले भने, 'औलमा झरेपछि व्यापार पनि हुने, जाडो पनि छलिने गरेको छ।' माथिल्लो डोल्पाका अधिकांश स्थानीयवासी बेसी झरिरहेको काइके गाउँपालिका-७ का चन्द्र रोकायाले बताए। 'मंसिर, पुस र माघको तीन महीनाको जाडो छल्नका लागि जाजरकोट, नेपालगञ्ज, काठमाडौं, सुर्खेतलगायतका जिल्लामा यहाँका स्थानीयवासी जाने गर्दछन्,' उनले भने, 'अहिले डोल्पाको जुफाल विमानस्थलमा बेसी झर्नेको ठूलो भीड लागेको छ।'

## पर्व सकिएपछि.......................

यातायात प्रालिका काउन्टर इन्चार्ज अक्कल कार्की बताउँछन्। गाउँहरू रित्तिँदै जाँदा शहर भने भरिन थालेका छन्। दसैं तिहारमा सुनसान रहेको सुर्खेतको वीरेन्द्रनगर बजारमा मानिसहरूको चाप बढ्न थालेको छ। बन्द रहेका पसल तथा अन्य व्यवसाय खुल्ला हुन थालेपछि मोफसलका शहरी क्षेत्रमा चहलपहल बढेको हो। 'दसैं तिहारका बेला बन्द रहेका बजार अहिले खुल्न थालेका छन् भने बजारमा चहलपहल पनि बढ्न थालेको छ,' सुर्खेतमा व्यवसाय गर्दै आएका सन्तोष रावत बताउछन्।


### सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

### बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत